वर्ष ४, अंक १
असोज २०६९, September 2012

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



मलाई संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित गराउनु भएकोमा संस्थाका पार्षदज्यहरू तथा सम्बन्धित सबैलाई धन्यबाद दिन चाहन्छु । यसैगरी नव निर्वाचित उपाध्यक्ष सिए. महेश कुमार गुरागाई तथा नव निर्वाचित पार्षदज्यूहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालमा चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रदान गर्ने तथा लेखाव्यवसायलाई नियमन गर्ने एक मात्र नियमनकारी निकाय हो । नियमनकारी निकायको हैसियतले चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रदान गर्नुका साथै लेखा व्यवसायसंग सम्बन्धित आवश्यक प्रविधि, अनवरत व्यवसायिक शिक्षा तथा पेशागत क्षमता अभिबृद्धि गर्ने तथा समस्त देशको आर्थिक विकासमा सक्दो योगदान गर्ने प्रमुख उद्देश्य लिएको यस संस्थाले आफ्नो उद्देश्य परिपूर्ती गर्न विगतमा धेरै कार्यहरू गर्न सफल भए पनि हालका दिनहरूमा शिक्षा प्रणालीमा भएको आधुनिकता तथा विकास, विश्वभरमा आर्थिक क्षेत्रहरूमा भएको परिवर्तन तथा विकास, प्रविधिको उच्च प्रयोग तथा लेखाव्यवसायीहरूबाट समाज तथा देशले गरेको अपेक्षाले आगामी दिनहरूमा कठिन चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । यी सबै कुराहरू मध्यनजर गर्दा संस्थाले आफ्ना हरेक कार्यक्षेत्रमा गुणस्तर बढाउनुपर्ने टड्कारो आवश्यक्ता देखिएको छ, जसका लागि प्रयाप्त श्रोत तथा साधनको आवश्यक्ता हुन्छ । संस्थाले समयसापेक्ष तथा आफ्नो श्रोतले भ्याए सम्म आफ्नो पूर्वाधार विकास गरिरहेको तथा यसै क्रममा आफ्नो वचत तथा सदस्यहरूवाट रकम संकलन गरी सातदोवाटो, ललितपुर स्थित नेपाल सरकारबाट लिजमा प्राप्त जग्गामा भवन निर्माण कार्य थालनी गरी पांच तल्ला सम्मको संरचना निर्माण गर्न सफल भएको छ । साथै संस्थाका सदस्य साथीहरू तथा नेपाल सरकारबाट आश्वासन भएको सहयोग छिट्टै प्राप्त हुन्छ भन्ने विश्वास समेत मैले लिएको छु ।

अव म मेरो अध्यक्षतामा संस्थाबाट हुने भावी कार्यक्रमहरू संक्षिप्त रूपमा राख्न चाहन्छु ।

**१. सदस्य सेवा तथा व्यवसायिक विकासको सम्बन्धमा**

क. संस्थाको शाखाहरू नभएको तर सदस्यहरूको वढी उपस्थिती भएको ठाँउहरूमा कर्मचारी खटाई सदस्यता नवीकरण गर्ने व्यवस्थालाई निरन्तरता दिने ।

ख. सि.पि.ई. तालिमलाई अझै सुदृद्धिकरण गरी IT को उच्चतम प्रयोग गरी सदस्यहरूलाई आवश्यक CPE आंशिक रूपमा E-Learning को माध्यमबाट लिन सक्ने पूर्वाधार विकास गर्ने ।

ग. रजिष्टर्ड अडिटरहरूको वर्ग तथा क्षमता बृद्धि गर्ने कार्यलाई निरन्तर दिदै आर.ए. सदस्यहरूलाई सि.ए. कोर्ष अध्ययन गर्न विषयहरू छुट दिन विशेष पहल गर्ने ।

घ. Peer Revew System लाई अझ व्यवस्थित गरी प्रभावकारी रूपमा लागु गर्ने ।

ङ. ISA Course लाई Post Qualification Education रूपमा संचालन गरिएको कार्यलाई निरन्तरता दिइने छ ।

## सपथ ग्रहण तथा पदभार हस्तान्तरण समारोह सम्पन्न



माननीय अर्थमन्त्री वर्षमान पुन छैठौं परिषद्को नव निर्वाचित सदस्यहरूलाई सपथ गराउनुहुदै ।

छैठौं परिषदको लागि चार्टर्ड एकाउन्टेन्ट सदस्यहरू मध्येबाट १० जना र दर्तावाला लेखापरीक्षक सदस्यहरू मध्येबाट ४ जना गरी १४ जना निर्वाचित पार्षदहरूलाई प्रमुख अतिथि माननीय अर्थमन्त्री वर्षमान पुनले मिति २०६९ /०४/०७ गते एक समारोहका वीच पद तथा गोपनीयताको शपथ गराउनुभयो। सोही समारोहमा माननीय अर्थमन्त्री पुनले नव निर्वाचित अध्यक्ष सिए. मधु विर पाण्डेलाई छुट्टै पद तथा गोपनीयताको सपथ गराउनु भयो। सिए. पाण्डे पाँचौं परिषद्को तेश्रो कार्यकालको निमित्त उपाध्यक्ष समेत रहनुभएको थियो भने छैठौं परिषद्को प्रथम कार्यकाल को निमित्त अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएको थियो। अध्यक्ष पाण्डे संस्थाको १६औं अध्यक्षको रूपमा निर्वाचित हुनुभएको हो । सपथ ग्रहणकै क्रममा अध्यक्ष पाण्डेले नव निर्वाचित उपाध्यक्ष सिए. महेश कुमार गुरागाईलाई पद तथा गोपनीयताको सपथ गराउनु भएको थियो। यस अघि सिए. गुरागाई संस्थाको चौंथो परिषदमा पार्षद हुनुहुन्थ्यो। पाँचौं परिषद्को कार्यकाल उक्त मिति २०६९/०४/०७ देखि बिधिवत रूपमा सम्पन्न भएको मानिन्छ ।

उक्त अवसरमा अध्यक्ष सिए. सुदर्शन राज पाण्डेले आफ्नो १ वर्षे कार्यकालमा भएका कार्य प्रगतिहरूको जानकारी गराउंदै यस अवधिमा सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभएको थियो । त्यस्तै वहाँले नव निर्वाचित अध्यक्ष सिए. मधु विर पाण्डेलाई अध्यक्षको पदभार हस्तान्तरण गरी वहाँ साथै छैठौं परिषद्मा निर्वाचित हुने सबै पार्षद मित्रहरूलाई बधाई तथा शुभकामनाका साथ छैठौं परिषद् देशमा लेखा व्यवसायको विकास र विस्तारमा पूर्ण रूपमा सफल होस भन्ने शुभकामना समेत व्यक्त गर्नु भएको थियो ।

उक्त समारोहमा नव निर्वाचित अध्यक्ष सिए. मधु विर पाण्डेले आफूलाई निर्विरोध निर्वाचित गराउने पार्षद मित्रहरूलाई धन्यवाद दिनुहुदैं आफ्नो कार्यकालमा संपादन गर्ने नीति तथा कार्यक्रमका बारेमा बिस्तृत रूपमा जानकारी गराउनु भएको थियो । कार्यक्रम सम्पन्न गर्ने क्रममा आईपर्ने चुनौतीहरूलाई सहजताकासाथ निराकरण गर्न सकिने विश्वास व्यक्त गर्दै यसका लागि पार्षद मित्रहरू, पूर्व अध्यक्षहरू, कर्मचारी वर्ग तथा सम्वन्धित सवैबाट सहयोग प्राप्तहुने अपेक्षा समेत व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री वर्षमान पुन, नेपाल

२. चार्टर्ट एकाउन्टेन्सीको शिक्षाको सम्बन्धमा

क. चार्टर्ड एकाउन्टेन्सी शिक्षा समयानुकूल रूपले परिमार्जन गर्ने ।

ख. Career Counciling लाई विशेष प्राथमिकता दिई काठमाडौं तथा देशका विभिन्न भागहरूमा सम्भावित विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम संचालन गर्ने ।

ग. विदेशी लेखाव्यवसायी संस्थासंग एक आपसको मान्यता सम्झौता (Mutual Recognition Agreement ) गर्ने कुरालाई प्राथमिकता दिइनेछ ।

३. Accounting Technician शिक्षाको सन्दर्भमा

क. संस्थाले AT बोर्ड गठन गरी Accounting Technician शिक्षाको थालनी गरिसकेको परिप्रेक्षमा भर्ना दरमा बृद्धिगर्न आवश्यक पहल गरिनेछ ।

ख. मध्यमस्तर लेखा जनशक्ति उत्पादन गर्नमा AT शिक्षाले विशेष भूमिका खेल्ने तथ्य मनन गरी नेपाल सरकार तथा निजी क्षेत्रका विभिन्न निकायहरूमा लेखा राख्न AT शिक्षा प्राप्त गरेका जनशक्ति प्रयोग गराउन विशेष पहल गरिनेछ ।

४. संस्थाबाट लिइने विभिन्न तहको परीक्षाको सम्बन्धमा

क. संस्थाबाट लिइने परीक्षा तथा परीक्षा प्रणाली अझै स्तरीय बनाउन प्रश्नपत्र तयार गर्न, उत्तर पुस्तिका परीक्षण तथा सो सम्बन्धी अन्य आवश्यक कार्य गर्न TOR सहित Core Resource Group तयार गरी लागु गरिनेछ ।

ख. काठमाडौं बाहिरका विद्यार्थीहरूलाई विशेष सुविधा प्रदान गर्ने हेतुले चालू वर्षमा CAP I को लागि काठमाडौं बाहिर विभिन्न स्थानमा परीक्षा केन्द्र सञ्चालन गरिने छ ।

५. संस्थाको व्यवस्थापनमा गरिने सुधारको सम्बन्धमा

क. संस्थाको हालको लेखा तथा वित्तीय प्रशासन तथा विभिन्न विभागमा हुने कार्यहरूलाई **ERP Based Software** प्रयोग गरी **Online system** मा लगिनेछ ।

ख. संस्थाको कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्न देश भित्र तथा बाहिर सम्बन्धित विषयमा तालिम तथा सेमिनारमा सहभागिता गराई कर्मचारी संयन्त्र समेतलाई दक्ष, चुस्त तथा दुरूस्त बनाइनेछ ।

६. सदस्यहरूको हितको लागि गरिने अन्य कार्यक्रमहरूका सम्बन्धमा ।

क. चालू वर्षमा नियमनकारी निकाय जस्तैः नेपाल राष्ट्र बैंक, वीमा समिति, धितोपत्र वोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालय इत्यादिको सहकार्यमा Branch Audit को कार्य अघि वढ्ने विश्वास लिइएको छ ।

ख. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लेखाव्यवसायीसंग सम्बन्धित विभिन्न अन्तराष्ट्रिय संघ संगठनहरू, IFAC, CAPA तथा SAFA को सदस्य रहेको तथा सदस्यको हैसियतले उक्त संघ तथा संगठनहरूमा सहकार्यको आधारमा प्रभावकारी भूमिका खेल्ने लक्ष्य अनुरूप आगामी दिनहरूमा पनि सहभागिता जनाइनेछ ।

ग. संस्था तथा समस्त लेखा व्यवसायीहरूको सही पहिचान तथा मूल्यांकन गराउने चूनौति टडकारो रूपमा देखिएको छ । देशको विभिन्न सरकारी तथा नियमन निकायहरू, देशमा अवस्थित अन्तर्राष्ट्रिय निकायहरूसंग समन्वय राखी संस्था तथा सदस्यहरूको उचित पहिचान, मूल्यांकन तथा देशको आर्थिक विकासमा लेखा व्यवसायीहरूले निर्वाह गर्न सक्ने भूमिकाहरू समेतलाई ध्यानमा राखी राज्यका विभिन्न स्तरमा सहभागिता जनाई संस्था तथा संस्था सदस्यहरूको सही पहिचान भई उच्चतम योगदान गर्नसक्ने अवस्थामा पुर्याउन विशेष प्रयास गरिनेछ ।

अन्त्यमा संस्थाको मर्यादा नवढेसम्म हामी लेखा व्यवसायीको मर्यादा नबढ्ने भएकोले यस कुरालाई विचार गरी संस्थाको मर्यादा अझ बढाउने कुरामा ध्यान दिने मेरो पहिलो प्राथमिकता रहने कुरा विश्वास दिलाउन चाहान्छु । मलाई संस्थाको भावी कार्यक्रम सफल पार्न तथा लक्ष्य अनुरूप कार्य सम्पादन गर्न नव निर्वाचित उपाध्यक्षज्यू, नवनिर्वाचित पार्षदज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, संस्थाका सदस्यज्यूहरू, संस्थाका कर्मचारी वर्ग, नेपाल सरकार तथा सम्बन्धित नियमनकारी निकायहरू तथा समस्त सम्बन्धित पक्षहरूबाट आवश्यक सहयोग हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

धन्यबाद !

सिए. मधु विर पाण्डे
अध्यक्ष

राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा, कार्यवाहक महालेखा परीक्षक श्री खेम प्रसाद दहालले संस्थाले संपादन गर्दै आएका कार्यहरू र भविष्यमा अगाल्नुपर्ने कार्यका सम्बन्धमा समेत आ-आफ्नो धारणा व्यक्त गर्दै नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा पार्षदहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्नु भएको थियो । साथै वहांहरूले संस्थाले छोटो अवधिमा गरेको प्रगतिको प्रशंसा गर्नुहुदैं आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने आश्वासन समेत व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको अन्तमा नव निर्वाचित उपाध्यक्ष सिए. महेश कुमार गुरागाईंले प्रमुख अतिथि, विशेष अतिथि तथा उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्नुहुदैं कार्यक्रमको समापन गर्नु भएको थियो ।

## उत्कृष्ट बित्तीय प्रतिवेदन पुरस्कार प्रदान

नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा पार्षद्हरूको सपथ ग्रहण तथा पदभार हस्तान्तरण तथा उत्कृष्ट बित्तीय प्रतिवेदन पुरस्कार वितरण गर्न आयोजित एक समारोहका बीच सन् २०११ सालको उत्कृष्ट बित्तीय प्रतिवेदन पुरस्कारको मिति २०६९/०४/०७ मा घोषणा गरियो । विजयी उत्कृष्ट बित्तीय प्रतिवेदन प्रस्तुत गर्ने संस्थाहरूलाई कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री वर्षमान पुनले पुरस्कार वितरण गर्नुभएको थियो ।




उत्कृष्ट वित्तीय प्रतिवेदनका विजयीलाई पुरस्कार बितरण गर्नुहुँदै माननीय अर्थमन्त्री वर्षमान पुन ।

कम्पनी तथा संघ संस्थाद्वारा सार्वजनिक जानकारीका लागि प्रकाशित हुने बित्तीय विवरण मध्ये वर्षको उत्कृष्ट बित्तीय प्रतिवेदनलाई BPA Award को रूपमा पुरस्कृत गरिदैं आएको छ । नेपालमा बित्तीय प्रतिवेदनलाई पुरस्कृत गर्ने कार्यको थालनी सन २००३ देखि गर्न शुरू गरिएको हो जुन हरेक बर्ष नियमित रूपमा प्रदान गरिदैं आएको छ ।

बित्तीय प्रतिवेदनहरूको मूल्यांकन दक्षिण एसियाली लेखा व्यवसायी महासंघ (साफा) द्वारा तयार गरिएको मापदण्डको आधारमा हुने

गर्दछ । नेपालमा उत्कृष्ट घोषित भएका प्रतिवेदनहरूलाई साफा स्तरीय प्रतियोगितामा प्रतिस्पर्धाको निमित्त पठाउने गरिन्छ।

यस वर्ष ५ बिधामा उक्त पुरस्कार वितरण गरिएको थियो । कूल ३० प्रतियोगीहरूले सहभागिता जनाएको उक्त प्रतियोगितामा निम्न बमोजिम संघ संस्थाहरू विजयी तथा उप विजयी घोषित भएका थिए ।

| क्र.स. | बिधा | प्राप्त स्थान |
|---|---|---|
| | Public Sector Entities | |
| १ | नेपाल दूरसंचार कम्पनी लिमिटेड (नेपाल टेलिकम) | प्रथम |
| २ | कर्जा सूचना केन्द्र लिमिटेड | द्बितीय |
| | Manufacting Sector | |
| १ | चिलिमे हाईड्रो पावर कम्पनी लिमिटेड | प्रथम |
| | Non Banking Sector Insurance Companies | |
| १ | एभरेष्ट ईन्सुरेन्स कम्पनी लिमिटेड | प्रथम |
| | Other Financial Sector Subject to Prudential Supervision | |
| १ | क्लिन इनर्जी डेभलप्मेन्ट बैंक लिमिटेड | प्रथम |
| | Banking Sector Subject to Prudential Supervision | |
| १ | नबिल बैंक लिमिटेड | प्रथम |
| २ | स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड | द्बितीय |
| ३ | एन आई सी बैंक लिमिटेड | तृतीय |

## कर सम्वन्धी कार्यशाला सम्पन्न

यही २०६९ श्रावण ७ गते "Double Tax Avoidance Agreement and Bilateral Investment Promotion and Protection Agreement with India and Contemporary Issues on Income Tax" विषयमा एक कार्यशाला सम्पन्न भयो । संस्थाका अध्यक्ष सिए. सुदर्शन राज पाण्डेको सुभारम्भ मन्तव्यबाट सुरु भएको उक्त कार्यशालाको पहिलो सत्रमा ठूला करदाता कार्यालयका निर्देशक श्री गोपाल प्रसाद घिमिरेले Double Taxation Treaty between India and Nepal विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने संस्थाका पूर्व अध्यक्ष सिए. तीर्थ राज उपाध्यायले सो सत्रको अध्यक्षता ग्रहण गर्नुभएको थियो । त्यस्तै दोस्रो सत्रमा सिए. जगदीश अग्रवालले Contemporary Issues on Income Tax Act, 2058 and Value Added Tax Act, 2052 विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सो सत्रको अध्यक्षता आन्तरीक राजश्व कार्यालयका महानिर्देशक श्री टंकमणि शर्माले गर्नुभएको थियो । त्यस्तै तेस्रो तथा अन्तिम सत्रमा BIPPA and Investment Climate विषयमा लगानी वोर्डका प्रमुख कार्यकारी अधिकृत श्री राधेश पन्तले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने अध्यक्षता नेपाल उद्योग वाणिज्य महांसंघका उपाध्यक्ष श्री भाष्कर राज राजकर्णिकारले गर्नुभएको थियो ।

विभिन्न क्षेत्रका गरी कुल १२७ जनाको सहभागिता रहेको यस कार्यक्रममा समसामयिक जल्दाबल्दा विषयहरूमा व्यापक रूपमा छलफल भएको थियो ।

## SAFA Seminar सम्बन्धमा



साफा सेमिनारको उद्‌घाटन गर्नुहुंदै माननीय अर्थमन्त्री वर्षमान पुन ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा आयोजित सार्क स्तरीय अन्तर्राष्ट्रिय स्तरको साफा सेमिनार यही २०६९ भाद्र ३० गते भव्यताकासाथ सम्पन्न भएको छ । माननीय अर्थ मन्त्री वर्षमान पुन प्रमुख अतिथि रहनु भएको "International Taxation and Transfer Pricing" नामक सेमिनारमा नेपाल, बंगलादेश, भारत, पाकिस्तान, श्रीलंका, माल्दिभ्स, भुटान तथा फिजीका सहभागीहरूको सहभागिता रहेको थियो । सेमिनारमा नेपाल, बंगलादेश, भारत, पाकिस्तान, तथा श्रीलंकाका बिज्ञहरूले आ-आफ्नो क्षेत्र अन्तर्गतको प्राविधिक पेपरहरू प्रस्तुत गरेका थिए । प्राविधिक पेपरहरूमा उठेका प्रश्नहरू माथि समेत छलफल भएको थियो । सेमिनारलाई पाँच सत्रमा विभाजन गरी "International Taxation and Transfer Pricing" सम्बन्धि समसामयिक विषयमा गहन तथा बिस्तृत छलफल भएको थियो ।

संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा अर्थ सचिव कृष्ण हरि बाँस्कोटा तथा कार्यबाहक महालेखा परीक्षक श्रीमती बिमला सुवेदीले आ-आफ्नो धारणा राख्नुभएको थियो भने Key Note speaker को रूपमा सिए. भावना दोषीले "Global Development in International Taxation" का बारेमा प्रकाश पार्नु भएको थियो । सोही अवसरमा माननीय अर्थमन्त्री वर्षमान पुनले संस्थाको सवल तथा दुर्वल पक्षका बारेमा आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी साफाका बर्तमान अध्यक्ष सिए. मोहम्मद रफीले सेमिनार सम्बन्धी आफ्नो बिचार प्रस्तुत गर्नुभएको थियो ।

सेमिनारको पहिलो, दोस्रो, तेस्रो, चौथो तथा पाँचौ प्राविधिक सत्रमा क्रमशः Mr. Abdul Rahim Suriya, FCA, Past President ICA Pakistan, CA. Sudarshan Raj Pandey, Immediate Past President ICA Nepal, Mr. Md. Humayun Kabir, FCA, Past President ICA Bangladesh, Mr. Hewa Matarage Gamani Wijesinghe, Deputy Commissionar, Transfer Pricing Unit, Department of Inland Revenue तथा CA. Bhavna G Doshi, Council Member ICA India ले प्राविधिक पेपरहरू प्रस्तुत गर्नुभएको थियो भने उक्त सत्रमा क्रमशः Prof. Lakshman R. Watawala, President, CMA Sri Lanka, Mr. Tanka Mani Sharma, Director General, Inland Revenue Department, GoN, Mr. M. Abul Kalam Mazumdar, FCMA, Past President and Council Member , ICMA Bangladesh, Mr. T.C.A. Srinivasa Prasad, Council Member, Institute of Cost Accountant India / Mr. Ghulam Mustafa

Qazi, FCMA, Vice President, ICMA Pakistan ले अध्यक्षता गर्नुभएको थियो ।

उक्त सेमिनारमा Mr. Gyeltshen, Joint Commissionor, Tax Administration Division, Department of Revenue and Custom, Bhutan, Mr. Hussain Niyazy, Assistant Auditor Guditor General, Auditor General Office, Maldives तथा Mr. Moala Nata, Revenue Department, Fiji ले सहभागिता जनाउनुभएको थियो ।

आइक्यानका उपाध्यक्ष सिए. महेश कुमार गुरागाईंले धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन गर्नुभएको थियो।

## साफा कमिटी तथा बोर्ड मिटिङ्ग सम्पन्न

साफा सेमिनारको अवसरमा September 14 (२०६९/०५/१४) काठमाडौंको होटल न्याडिसनमा ३ वटा कमिटी तथा १ वटा बोर्ड मिटिङ्ग सम्पन्न भयो । सम्पन्न भएका बिभिन्न मिटिङ्गमा Professional Accountants in Business Committee मा साफा बडीका पदाधिकारी लगायत नेपालको तर्फबाट सिए. नरेन्द्र भट्टराई-पार्षद, तथा सिए. विजय कुमार अग्रवाल-पूर्व अध्यक्षले भाग लिनुभएको थियो ।

त्यसैगरी सम्पन्न अर्को Task Force to Address Risk & Challenges to Accountancy Profession in SAFA Region बैठकमा साफा बडीका पदाधिकारी लगायत नेपालको तर्फबाट सिए. मधु विर पाण्डे, अध्यक्षले भाग लिनु भएको थियो ।

त्यस्तै, Small and Medium Practices Committee (SMPC) को अर्को बैठकमा साफा बडीका पदाधिकारी लगायत नेपालको तर्फबाट सिए. सुवोध कुमार कर्ण-पूर्व अध्यक्ष, तथा सिए. परमानन्द अधिकारी-प्राविधिक निर्देशकले भाग लिनुभएको थियो ।

सोही अवसरमा सम्पन्न भएको Governmental and Public Sector Enterprises Accounting कमिटी बैठकमा साफा बडीका पदाधिकारी लगायत नेपालको तर्फबाट सिए. महेश कुमार गुरागाई-उपाध्यक्ष तथा सिए. विनय प्रकाश श्रेष्ठ-कार्यकारी निर्देशकले भाग लिनुभएको थियो ।

उक्त अवसरमा सम्पन्न भएको २३ औं साफा बोर्ड मिटिङ्गमा साफा बडीका पदाधिकारी लगायत नेपालको तर्फबाट सिए. कोमल बहादुर चित्रकार- पूर्व अध्यक्ष, सिए. सुवोध कुमार कर्ण, पूर्व- अध्यक्ष, सिए. मधु विर पाण्डे- अध्यक्ष, सिए. महेश कुमार गुरागाईं,- उपाध्यक्ष र सिए. परमानन्द अधिकारी - प्रविधिक निर्देशकले भाग लिनुभएको थियो ।



२३ औं साफा बोर्ड मिटिङ्गमा साफा बडीका सहभागीहरूको सामुहिक फोटो ।

## सदस्यता, पेशागत प्रमाणपत्र, तथा लेखाव्यवसायी संस्थाको अवस्था

श्रावण १, २०६९ देखि आश्विन १४, २०६९ सम्म कूल सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको स्थिति तथा नवीकरण स्थिति निम्न अनुसार रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ६०५ | ३५१ | ५२८ | १९६ | ४३३ | १७६ |
| आरए. बी | ३३६७ | १९२२ | ३११७ | १५०० | ८९३ | ६४८ |
| आरए. सी | १६१३ | ८८२ | १४७६ | ७५९ | ३१४ | १९५ |
| आरए. डी | २२९९ | १२९३ | २१०४ | ११७४ | २०९ | १४७ |
| कूल सदस्य | ७८८४ | ४४४८ | ७२२५ | ३६२९ | १८५० | ११६६ |

## जुन महिनामा संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको नतिजा प्रकाशित

चार्टर्ड एकाउन्टेन्सी कोर्ष जुन २०१२मा संस्थाबाट ०१ जुन २०१२ देखि १० जुन २०१२ सम्म संचालित बिभिन्न तहको अन्तिम परीक्षाको नतीजा प्रकाशित गरिएको छ । प्रकाशित नतिजा अनुसार उत्तीर्ण परीक्षाथीर्को संख्या तहगत रूपमा निम्न रहेको छ ।

**२०१२ जुनको परीक्षाको लागि निवेदन दिने तहगत रूपमा बिद्यार्थीको संख्या**

| क्र.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १. | फाउन्डेसन | ३ | २ | १ | ६ |
| २. | ईन्टरमिडियट | २ | ४ | १ | ७ |
| ३. | फाईनल | ६ | २० | १३ | ३९ |
| ४. | CAP I | ५५२ | १०७ | ६५ | ७२४ |
| ५ | CAP II | ५८३ | १९३ | २०३ | ९७९ |
| ६ | CAP III | ७१ | ४४ | ४१ | १५६ |

**२०१२ जुनको परीक्षामा सहभागी भएका तहगत रूपमा बिद्यार्थीको संख्या**

| क्र.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १. | फाउन्डेसन | २ | १ | १ | ४ |
| २. | ईन्टरमिडियट | २ | ४ | १ | ७ |
| ३. | फाईनल | ६ | १९ | १२ | ३७ |
| ४. | CAP I | ५२१ | ९७ | ६० | ६७८ |
| ५. | CAP II | ५७३ | १६६ | १८३ | ९२२ |
| ६. | CAP III | ७० | ४३ | ३८ | १५१ |

**२०१२ जुन महिनामा संचालित परीक्षामा सफल भएका तहगत रूपमा बिद्यार्थीको संख्या**

| क्र.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १. | फाउन्डेसन | ० | ० | १ | १ |
| २. | ईन्टरमिडियट | ० | ० | १ | १ |
| ३. | फाईनल | ० | १ | ४ | ५ |
| ४. | CAP I | २८३ | १०८ | १३९ | ४९० |
| ५. | CAP II | ३३ | ९३ | ६५ | १९१ |
| ६. | CAP III | २ | १७ | ५ | २४ |

नतिजा अनुसार समग्रमा सफल भएका बिद्यार्थीहरू मध्ये ११ जना संस्थाको सदस्यताको लागि योग्य भएका छन् भने CAP III को लागि ९६ जना तथा CAP II तहको लागि ३४७ जना योग्य भएका छन् ।

## नेपाल सरकारबाट पार्षद मनोनित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको छैठौं परिषद्को पार्षद पदको लागि महालेखा परीक्षकको सिफारिसमा नेपाल सरकारद्वारा तीन जना लेखा सम्बन्धी अनुभव भएका व्यक्तिहरूलाई मनोनयन गर्ने व्यवस्था भए अनुरूप नेपाल सरकारले निम्न व्यक्तिहरूलाई पार्षद पदमा मनोनयन गरेको छ ।

| | |
|---|---|
| **१. श्री सुकदेव खत्री** | **महालेखा परीक्षकको कार्यलय, काठमाडौं** |
| **२. श्री महेश प्रसाद दहाल** | **महालेखा नियन्त्रक कार्यलय, काठमाडौं** |
| **३. श्री जयदेव श्रेष्ठ** | **आन्तरिक राजस्व कार्यलय क्षेत्र नं. २,काठमाडौं** |

## ICAI भारतका अध्यक्ष तथा उपाध्यक्षसंग भेटवार्ता

मिति २९ अगष्ट २०१२ मा संस्थाको अध्यक्ष सिए. मधु विर पाण्डे तथा कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठले भारतको नयाँ दिल्ली भ्रमण गरी The Institute of Chartered Accountants of India का अध्यक्ष सिए. जयदिप नरेन्द्र शाह तथा उपाध्यक्ष सिए. सुवोध कुमार अग्रवालसंग भेटवार्ता गर्नुभएको थियो । उक्त भेटवार्तामा ICAI र ICAN वीच Mutual Recognition Agreement (MRA) गर्ने, नेपालबाट ICAI को CPT र PCC तहको परीक्षा केन्द्र हटाउने, ISA Certification Course र IFRS Certification Course संचालन गर्न प्राविधिक सहयोग गरी जम्मा चारवटा एजेण्डामा छलफल भएको थियो । नेपालमा आयोजना भएको साफा बोर्ड मिटिङ्मा ICAI का अध्यक्ष र उपाध्यक्ष दुबैको उपस्थिति रहेको थियो । उक्त अवसरमा पनि यस संस्थाका अध्यक्ष र उपाध्यक्षले उहाँहरूसंग पुनः भेटवार्ता गरी उपरोक्त एजेण्डाहरू माथि पुनः छलफल गर्नुभएको थियो ।

## General Management and Communication Skills (GMCS) Training सम्पन्न



दोस्रो GMCS मा सहभागीका साथ संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारीहरू ।

CAP III Level/Final Level का बिद्यार्थीहरूलाई लक्षित गरी संस्थाले दोस्रो GMCS तलिमको शुरूवात गरेको थियो । ०२ सेप्टेम्बर, २०१२ गते देखि संचालित उक्त तालिममा CAP III तथा Final Level पास गरेका ९ बिद्यार्थीले सहभागिता जनाएका थिए । दैनिक ३ सेसनमा संचालन भएको उक्त तालिम १८ सेप्टेम्बर २०१२ सम्म संचालन भएको थियो ।

## केरीयर काउन्सलिङ्ग

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्वबारे ईच्छुक बिद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले नेपाल चार्टड एकाउण्टेन्ट्स संस्थाको शिक्षा बिभागले जुन महिना देखि काठमाडौं लगायत देशका बिभिन्न स्थानमा गरी २० भन्दा बढी केरीयर काउन्सलिङ्को आयोजना गऱ्यो । काठमाडौं, बिराटनगर, बुटवल, हेटौंडा, चितवन तथा पोखरामा बिभिन्न मितिमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको संयोजन तथा श्रोत व्यक्तिको रूपमा काठमाडौंमा सिए. पुष्पेन्द्र सिंह, बिराटनगरमा सिए. महेश गुरागाईं तथा आरए. मोहनकुमार सुवेदी, बुटवलमा श्री संजय खकुरेल तथा श्री प्रयाश शाक्य, हेटौंडामा श्री माधव नारायण कक्षपति, चितवनमा सिए. प्रकाश लम्साल तथा श्री माधव नारायण कक्षपति र पोखरामा सिए. प्रकाश लम्साल रहनु भएको थियो । सवै कार्यक्रममा गरी करिव ३००० ईच्छुकहरूको सहभागिता रहेको थियो।

बिभिन्न स्थानमा भएको कार्यक्रममा चार्टर्ड एकाउन्टेन्ट कोर्ष पश्चात प्राप्त गर्न सकिने संभावित पदस्थापन समेतको जानकारी प्रदान गराईएको थियो । उक्त कार्यक्रममा सहभागीहरूले चार्टर्ड एकाउन्टेन्सी शिक्षाप्रति गहिरो रूचि देखाएका थिए ।

नेपाल चार्टड एकाउण्टेन्ट्स संस्थाको शिक्षा विभागले निकट भविष्यमा काठमाडौं उपत्यका लगायत उपत्यका बाहिर सोही अनुसारका कार्यक्रमहरू तीव्रताका साथ संचालन गर्ने लक्ष्य लिएको छ ।

## केरीयर फेयर

Direction Nepal Pvt Ltd, काठमाडौंद्वारा २०६९ असार ७ देखि १० सम्म तथा Global Exposition Pvt. Ltd., काठमाडौंद्वारा मिति २०६९ असार २२ देखि २६ सम्म आयोजित केरीयर फेयरमा चार्टर्ड एकाउन्टेन्सी शिक्षा तथा लेखा प्राविधिज्ञ शिक्षाको जानकारी गराउने उद्देश्य अनुरूप संस्थाले प्रत्यक्ष सहभागिता जनायो । उक्त फेयरमा संस्थाको तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षा तथा लेखा प्राविधिज्ञ शिक्षाको जानकारी लिने सहभागीहरूको उल्लेख्य सहभागिता रहेको थियो । उक्त फेयरको संयोजकको रूपमा नेपाल चार्टड एकाउण्टेन्ट्स संस्थाको शिक्षा विभागका अधिकृत श्री माधव नारायण कक्षपति रहनुभएको थियो ।

त्यस्तै बिराटनगरमा भएको अर्को फेयरमा करिव ३०० जनाको सहभागिता रहेको थियो । उक्त फेयरको संयोजन पार्षद आरए. मोहन कुमार सुवेदीले गर्नुभएको थियो ।

## लेखा प्राविधिज्ञ (Accounting Technician) को परीक्षा सम्पन्न

देशमा बढदो लेखा प्राविधिज्ञको मागलाई परिपूर्ती गर्ने उद्देश्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखा प्राविधिज्ञ कोर्ष संचालन गर्दै आएको छ । उक्त कोर्षमा चासो दिने बिद्यार्थीहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । उक्त कोर्षमा चासो दिई भर्ना भएका बिद्यार्थीहरूको सेप्टेम्वर २०१२ मा परीक्षा सम्पन्न भएको छ । उक्त परीक्षाको निमित्त जम्मा ७ जना बिद्यार्थीले दरखास्त पेश गरेका थिए । परीक्षा सेप्टेम्वर २३, २४, २५ तथा २६ मा संचालित थियो । परीक्षा बर्षको दुई पटक मार्च तथा सेप्टेम्वरमा संचालन हुने गर्दछ ।

## तीज कार्यक्रम सम्पन्न

नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०६९ सालको हरितालिका तीजको उपलक्ष्यमा भदौ ३१ गते दर खाने कार्यक्रमको आयोजना गऱ्यो । संगठनका अध्यक्ष राम कुमार नेपालको सभापतित्व एवं संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष, कार्यकारी निर्देशक लगायत अधिकांश कर्मचारीको सकृय उपस्थिति रहेको थियो । संगठनका सचिव विपिन राज तिवारीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा संस्थाका अध्यक्षले शुभकामना मन्तव्य राख्नु हुंदै व्यवस्थापन र कर्मचारीको सहकार्यमा जोड दिनुभएको थियो ।

# आन्तरिक राजस्व विभागले हालै गरेको निर्णय तथा पूर्वादेश

## पूँजीगत लाभकर खर्च घटाउने बारे

आयकर ऐन २०५८ को दफा (२) को उपदफा २ को गैर व्यावसायिक करयोग्य सम्पत्ति अन्तर्गत खण्ड ४ मा प्राकृतिक व्यक्तिले तोकिएको मूल्य वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा भएको पूँजीगत लाभमा ऐनको दफा ९५ (क) ३ मा तोकिएको दर अनुसार रजिष्ट्रेशनका बखतमा कर असुली गर्ने व्यवस्था गरेको । केही मालपोत कार्यालयको आर्थिक वर्ष २०६७/६८ को लेखापरीक्षणको सिलसिलामा निसर्गकर्ताले कार्यालयमा पेश गरेको पूँजीगत लाभकर फारमको खर्च दावी महलमा अंश भर्पाइ तथा हालैको वकसपत्र पास गर्दा थैली मूल्यलाई खर्च रकमको रुपमा कटाएर बाँकी रकममा मात्र पूँजीगत लाभकर लिने गरेको पाइयो । कतिपय अवस्थामा पूँजीगत लाभकर छल्ने उद्देश्यले एक दुई दिन अगाडी आफ्ना हकवाला अन्य सदस्यलाई बिक्री मूल्य बराबर थैली राखी अंशवण्डा, भर्पाई वा हालैको वकस पारित गरी पुनः तुरुन्त बिक्री गरेको पाइयो । अतः पूँजीगत लाभकर गणना गर्दा अंशवण्डा वा हालैको वकसपत्रको लिखत् अंक (जुन यथार्त खर्च होइन) लाई पूँजीगत लाभकर प्रयोजनार्थ पारित थैलिबाट खर्चको रूपमा कटाउन पाउने हो, होइन जानकारी दिनहुन भनी लेखी आएको संम्बन्धमा यस विभागमा रहेको Audit Core Group मा छलफलको लागि पेश भएकोमा Audit Core Group को मिति २०६९/०५/१७ मा बसेको बैठकबाट " पूँजीगत लाभकरमा खर्च घटाउने सम्बन्धमा आयकर ऐन, २०५८ दफा ४० को उपदफा (५) को खण्ड (ख) बमोजिम हालको कारोवार मूल्यमा मिति २०५८/१२/१९ को मूल्यलाई खर्चको रूपमा कट्टी दिई बाँकी हुन आउने रकममा पूजीगत लाभकर गणना गर्ने " भन्ने निर्णय भई सो व्यहोरा पेश हुँदा Audit Core Group को उक्त निर्णय बमोजिमको जानकारी महालेखा परीक्षकको कार्यालयमा दिई सो को जानकारी सबै आन्तरिक राजस्व कार्यलयमा दिने गरी मिति २०६९/०५/२८ मा भएको निर्णय अनुसार अनुरोध गरिएको छ ।

## पूर्वादेश पाउँ भन्ने बारे

उपर्युक्त विषयमा यस प्रा. लि. ले विगत ३ वर्षदेखि यस कम्पनीलाई सवारी साधन भाडामा दिई मु. अ. क. असुल गर्दै आएकोमा त्यस विभागबाट कुनै करदातालाई सवारी साधन भाडमा लगाउदा मु. अ. क. नलगाउन लेखिदिएको भन्ने बुझिएकोले यसरी सवारी साधन भाडामा लगाउदा मु. अ. क. असुल गर्न पर्ने नपर्ने पूर्वादेश जारी गरी पाउँ भनी लेखी पठाएको त्यहाँको प.सं. च.नं. मिति २०६८/१२/१० गतेको पत्र प्राप्त भयो । सो सम्बन्धमा यस विभागमा रहेको Audit Core Group मा छलफलको लागि पेश भएकोमा Audit Core Group को मिति २०६९/०५/१७ मा बसेको बैठकबाट "मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समुह ९ मा यात्रुवाहक यातायात उल्लेख भएको र सो व्यवस्थाले सार्वजनिक यात्रुवाहक यातायातमा मात्र कर छुट हुने देखिन्छ । निवेदकले आफ्नो सवारी साधन सार्वजनिक यातायातको रूपमा संचालन गर्ने नभई अन्य व्यक्तिलाई भाडामा दिने कार्य गर्ने देखिदा सो सेवा (भाडा) आयमा मु.अ.क. लाग्ने देखियो" भन्ने निर्णय भई सो को व्यहोरा पेश हुँदा Audit Core Group को उक्त निर्णय बमोजिम सो सेवा (भाडा) आयमा मु.अ.क. लाग्ने व्यहोराको जानकारी दिनेगरी यस विभागको (महानिर्देशक स्तरबाट) मिति २०६९/०५/२९ मा भएको निर्णयानुसार अनुरोध गरिएको छ ।

(स्रोतः कर बुलेटिन, वर्ष १, अंक ३, २०६९ आश्विन/कात्तिक)

प्रापकको नाम र ठेगानाः

टिकट

प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोनः ०१-४२५८५६९/४२६९१३०/२०३००२१

फ्याक्सः ००९७७-१-४२५८५६८, इमेलः ican@ntc.net.np, वेबसाइटः www.ican.org.np

शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज